नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई सजदाको बीचमा यो दुआ पढ्नु हुन्थ्यो: "अल्ला हुम्मग फिर्ली, वर्हम्नी व आफिनी वह्दिनी वर्जुकनी ।" (हे अल्लाह! मलाई क्षमा गर्नुहोस्, ममाथि दया गर्नुहोस्, मलाई शान्ति दिनुहोस्, मलाई मार्गदर्शन गर्नुहोस् र मलाई जीविका दिनुहोस्) ।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्: नबी (सल्लल्लाहु
अलैहि वसल्लम) दुई सजदाको बीचमा यो दुआ पढ्नु हुन्थ्यो: "अल्ला हुम्मग फिर्ली,
वर्हम्नी व आफिनी वह्दिनी वर्जुकनी ।" (हे अल्लाह! मलाई क्षमा गर्नुहोस्, ममाथि दया गर्नुहोस्, मलाई शान्ति दिनुहोस्, मलाई मार्गदर्शन गर्नुहोस् र मलाई जीविका
दिनुहोस्) ।
[शवाहिद (गवाहहरु) ले गर्दा हसन हो] [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) नमाजमा यी पाँच चीजहरू माग्नुहुन्थ्यो, जुन एक मुस्लिमको लागि अति आवश्यक छ, किनभने यसमा संसार र परलोक दुवैको कल्याण निहित छ । जस्तै अल्लाहसँग आफ्नो पाप र गल्तीहरू ढाक्न, क्षमा गर्न, दयाको वर्षा गर्न, शंका, गलत इच्छा र रोगहरूबाट सुरक्षित राख्न, सत्यको मार्गमा डोऱ्याउन र त्यसमा दृढतापूर्वक अडिग रहन, आस्था, ज्ञान र धार्मिक कार्यहरू र हलाल भोजनको लागि प्रार्थना गर्थे ।

https://sunnah.global/hadeeth/ne/show/10930